अन्नपूर्ण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोखरेवगर म्याग्दी
२०७३

सम्पर्क नं ९८५७६८३८१०
Email: ito.annamun@gmail.com
Web:annapurnamunmyagdi

गण्डकी प्रदेश, नेपाल

प.स. - ०८०/०८१
च.नं.- ७११

मितिः २०८०।१०।१५
ने. सः११४४ पोहेलागा, ४सोमबार

**सहकारी संस्थाहरुले विवरण उपलब्ध गराउने सम्बन्धी सूचना।**

सहकारी डिभिजन कार्यालय बाग्लुङबाट हस्तान्तरण भई आएका र यस गाउँपालिकाको सहकारी ऐन ,२०७५ बमोजिम दर्ता भई सञ्चालन भएका सहकारी संस्थाहरुले अन्नपूर्ण गाउँपालिकाको सहकारी ऐन, २०७५ को परिच्छेद -११ दफा ५२ मा बार्षिक रुपमा तपसिल बमोजिमका विवरणहरु नियामक निकायमा पेश गर्नुपर्ने व्यबस्था भएतापनि यस कार्यालयमा नियमित रुपमा विवरण पेश नगरेको पाईएकाले सम्पूर्ण सहकारी संस्थाहरुले यो सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र विवरण पेश गर्नुहुन अनुरोध छ। साथै सहकारी ऐन, २०७४ जारी हुनु अघि सहकारी ऐन, २०४८ बमोजिम विनियम वनाई दर्ता भएका सहकारीहरुको हकमा सहकारी ऐन, २०७४ बमोजिम विनियम पुर्नलेखन गरी उपलब्ध गराउनु हुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

पेश गर्नुपर्ने विवरणहरु

कारोबारको चौमासिक र वार्षिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन
बार्षिक कार्यक्रम नीति तथा योजना
खुद बचत सम्बन्धी नीति तथा योजना
सञ्चालकको नाम तथा बाँकी कार्यावधिको सूची
साधारण सभाको बैठक सम्बन्धी जानकारी
शेयर सदस्य संख्या र शेयरपूँजी
सञ्चालक वा सदस्यले लिएको ऋण तिर्न बाँकी रहेको रकम

भगवती खड्का कटुवाल
प्रशासकीय अधिकृत

नोटः यस गाउँपालिकाले जारी गरेको सहकारी ऐन, २०७५ को दफा ६६ (३) मा लगातार दुई वर्षसम्म कुनै कारोबार नगरी निष्कृय रहेमा दर्ता खारेजी गर्ने व्यबस्था भएको व्यहोरा समेत जानकारी गराईन्छ।